**आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली**
**मितिः २० फरवरी २०२६**
समयः १८:५० - १९:०५ बजे *(अवधि १५ मिनट)*

**<u>प्रमुख समाचार</u>**

- प्रधानमन्त्री नरेन्द्र मोदीले आज नया दिल्लीको सेवा तीर्थमा आर्टिफिसियल इन्टेलिजेन्स र डीपटेक स्टार्टअपका मुख्य कार्याकारी अधिकारीहरूसँग बैठक गर्नुहुदै बलियो डाटा शासनको आवश्यकतामाथी जोड दिनु भएको छ ।

- केन्द्रीय इलेक्ट्रोनिक्स एवम् सूचना प्रौद्योगिकी मन्त्री अश्विनी वैष्णवले भारत र अमेरिका बीच भएको प्याक्स सिलिका सम्झौता सेमिकन्डक्टर आपूर्ति श्रृंखला, सेमीकन्डक्टर निर्माण र चिप डिजाइनका लागि अत्यन्त महत्त्वपूर्ण रहेको बताउनुभएको छ।

- पश्चिम बंगालमा यस वर्ष हुने विधानसभा चुनावका लागि २९४ सिटका लागि उम्मेदवार चयनको प्रारम्भिक प्रक्रिया शुरु भएको छ।

- भाजपा पश्चिम बंगाल, प्रदेश अध्यक्षबाट गोर्खा यूथ एक्टिभिस्ट नेटवर्क ज्ञान लाई आधिकारिक पत्र प्राप्त भएको छ, जसमा आगामी पश्चिम बंगाल विधान सभा निर्वाचन 2026 को संकल्प–पत्रका लागि सुझावहरू आमन्त्रित गरिएको छ।

- मिरिक ब्याटमिन्टन क्लबको आयोजनमा सातौ सहमेन्दू ओपन ब्याटमिन्टन प्रतियोगिता आज देखि मिरिक रङ्गशाला भवनमा शुरू भएको छ ।

<u>प्रधानमन्त्री- आर्टिफिसियल इन्टेलिजेन्स</u>

प्रधानमन्त्री नरेन्द्र मोदीले आज नया दिल्लीको सेवा तीर्थमा आर्टिफिसियल इन्टेलिजेन्स र डीपटेक स्टार्टअपका मुख्य कार्याकारी अधिकारीहरूसँग बैठक गर्नुभयो, जसले स्वास्थ्य सेवा, साइबर सुरक्षा, अन्तरिक्ष र अन्य क्षेत्रहरूमा राम्रो काम गरिरहेका छन्।बैठकमा प्रधानमन्त्री श्री मोदीले कृषि, पर्यावरण संरक्षण, मातृभाषामा उच्च शिक्षाको सम्बर्धन लगायत विभिन्न क्षेत्रमा एआई तकनिकीको प्रयोगको सम्भाव्यता बारे चर्चा गर्नुभयो । प्रधानमन्त्री श्री मोदीले बलियो डाटा शासनको आवश्यकतालाई जोड दिनुभयो, गलत सूचनाको विरुद्ध चेतावनी दिनुभयो र भारतको आवश्यकता अनुरूप समाधानहरू विकास गर्न आग्रह गर्नुभयो। उहाले यूपीआईलाई सरल र स्केलेबल डिजिटल इनोवेशनको मोडेलको रूपमा उल्लेख गर्नुहुदै उहाले भारतीय कम्पनीहरूमा विश्वास व्यक्त गर्नुभयो तथा घरेलु उत्पादनहरूमा विश्वासलाई प्रोत्साहित गर्नुभयो । प्रधानमन्त्री श्री मोदीले अन्तरिक्ष क्षेत्रमा निजी सहभागिता विस्तार गर्ने बारेमा पनि कुरा गर्नुभयो र भारतीय स्टार्टअपहरूमा बलियो निवेशकर्ताको चासोको उल्लेख गर्नुभयो। १६ एआई र डीपटेक स्टार्टअपका प्रमुख कार्यकारी अधिकारी र संस्थापकहरूले राउन्ड टेबलमा आफ्ना विचार र कामहरू प्रस्तुत गरे। यी स्टार्ट-अपहरूले जनसंख्या-स्केल प्रभाव ड्राइभ गर्न स्वास्थ्य सेवा, कृषि, साइबर सुरक्षा, अन्तरिक्ष र सामाजिक सशक्तीकरण जस्ता विविध क्षेत्रहरूमा काम गरिरहेका छन्।

<u>वैष्णव-प्याक्स सिलिका</u>

केन्द्रीय इलेक्ट्रोनिक्स एवम् सूचना प्रौद्योगिकी मन्त्री अश्विनी वैष्णवले भारत र अमेरिकाबीच भएको प्याक्स सिलिका सम्झौता सेमिकन्डक्टर आपूर्ति श्रृंखला, सेमीकन्डक्टर निर्माण र चिप डिजाइनका लागि अत्यन्त महत्त्वपूर्ण रहेको बताउनुभएको छ। मिडियासँग बातचीत गर्नुहुदै श्री वैष्णवले भन्नुभयो, यस सम्झौताले भारतमा सम्पूर्ण सेमिकन्डक्टर इकोसिस्टम स्थापना गर्न मद्दत गर्नेछ र यसले इलेक्ट्रोनिक्स क्षेत्रलाई धैरै फाइदा पुर्याउनेछ। श्री वैष्णवले भन्नुभयो, भारतको विश्वसनीय विदेश नीति र

प्रतिभाको विशाल पूलका कारण आज विश्वले भारतमाथि विश्वास गरिरहेको छ। भारतको पहिलो सेमिकन्डक्टर संयंत्र ले चाँडै नै व्यावसायिक उत्पादन सुरु गर्ने उहाले बताउनु भएको छ ।

## पश्चिम बंगाल - विधानसभा चुनाव - उम्मीदवार चयन - प्रक्रिया

पश्चिम बंगालमा यस वर्ष हुने विधानसभा चुनावका लागि २९४ सिटका लागि उम्मेदवार चयनको प्रारम्भिक प्रक्रिया सुरु भएको छ। सुत्र अनुसार सत्तारूढ तृणमूल नेतृत्वले केही हेभिवेट मन्त्री र वरिष्ठ विधायकहरूको सीट परिवर्तन गर्ने विचार गरिरहेको छ।बुधबार अनि बिहीबार कोलकाताको कालीघाटस्थि त मुख्यमन्त्री ममता बनर्जीको निवासमा दुई चरणमा शीर्ष नेतृत्वको बन्द बैठक भएको बताइएको छ । यी बैठकहरूमा आगामी विधानसभा चुनाउका लागि सम्भावित उम्मेदवारहरूको नामको बारेमा प्रारम्भिक चर्चा भएको छ ।। पार्टी सुत्र अनुसार केही हाल को क्याबिनेट मन्त्री र वरिष्ठ विधायकहरूको नाममाथि विचार गरिएको छ, जसलाई यस पटक विभिन्न निर्वाचन क्षेत्रबाट उम्मेदवार बनाउन सकिन्छ। यसका साथै यस्ता हाल का विधायकहरुको नाममाथि पनि चर्चा भएको छ जसलाई यसपटक पुनः नामांकन नदिएर संगठनात्मक जिम्मेवारीमा राखिने सम्भावना रहेको छ । बैठकमा उम्मेदवारको सूचीमा रहेका पुराना अनुभवी नेता र 'नयाँ अनुहार'बीच सन्तुलन कायम गर्ने रणनीतिका बारेमा पनि चर्चा भएको बताइएको छ । पार्टी नेतृत्वले यसपटक केही गैरराजनीतिक र चर्चित अनुहारलाई पनि उम्मेदवारको सूचीमा राख्ने विचार गरिरहेको छ ।यसैबीच, १६ मार्चमा हुने राज्यसभाको पाँच सिटको चुनावलाई लिएर पनि चर्चा शुरु भएको छ ।चुनाउलाई लिएर आगामी केहि दिनमा पार्टीले उम्मेदवारको पहिलो सूची जारी गर्ने सम्भावना रहेको छ ।

## पश्चिम बंगाल - विशेष गहन पुनरीक्षण -

**पश्चिम बंगालमा मतदाता नामावली एस.आई.आर को विशेष गहन पुनरीक्षण को समयमा दस्तावेजहरुको जाँचमा ढिलाइ भएका कारण १० लाख भन्दा अधिक मतदाताको नाम अन्तिम सूचीबाट हटाइने आशंका उत्पन्न भएको छ । । यस प्रक्रियासित सम्बन्धित सुत्रहरु अनुसार,अहिलेसम्म चार लाखभन्दा अधिक मतदाताहरूको दस्तावेजहरुलाई 'अयोग्य' चिन्हित गरिएको छ ।आयोगले नियुक्त गरेको माइक्रो अब्जर्भरले चार लाख ४४ हजार ९७० मतदाताको दस्तावेजहरु अयोग्य मानेको छ र उनिहरूको विवरण अधिल्लो कारवाहीको लागी आयोगमा पठाइएको छ । यसबाहेक ४ लाख ६६ हजार ३ सय २३ मतदाताहरुको दस्तावेजहरु जिल्ला अधिकारीहरु सित सत्यापनका लागि लम्बित रहेको छ ।यसअघि पुनरीक्षण प्रक्रिया अन्तर्गत भएको सुनुवाइमा लगभग ७ लाख मतदाताहरु उपस्थित भएका थिएनन् । अनुपस्थित र अयोग्य रहेका दस्तावेजहरूमा थपिएमा १० लाखभन्दा अधिक मतदाताहरूको नाम अन्तिम मतदाता सुचीबाट हटाइने सम्भावना छ। आयोगले यसअघि लगभग ५८ लाख मतदाताहरूलाई मृत, अनुपस्थित वा लापता भएको सूचीमा राखेको थियो र उनीहरूलाई प्रारूप सूचीबाट बाहिर राखेको थियो। सुनुवाइको चरणमा थप १० लाख भन्दा अधिक मतदाताहरूको पहिचान गरिएको थियो, जसमध्ये लगभग ७ लाख मतदाताहरु सुनुवाइमा उपस्थित भएनन्, जबकि बाँकी मुद्दाहरूमा दस्तावेजहरू अवैध रहेको पाइयो।**

## निर्वाचन आयोग- पश्चिम बंगाल

भारतको निर्वाचन आयोगले पश्चिम बंगालमा मतदाता नामावलीको विशेष गहन पुनरीक्षण (एसआईआर) पछि दावी र आपत्तिहरूको सुनुवाइको क्रममा प्राप्त पहिचान दस्तावेजहरू अपलोड गर्न जानीबुझी ढिलाइ गर्ने निर्वाचन पंजीकरण अधिकारीहरू र सहायक निर्वाचन नामांकन अधिकारीहरूलाई पहिचान गरेको छ।राज्य मुख्य निर्वाचन अधिकारीको कार्यालयका सुत्रहरू अनुसार, यस विषयमा लगभग १२० देखि १५० निर्वाचन नामांकन अधिकारीहरू र सहायक निर्वाचन नामांकन अधिकारीहरू दोषी ठहरिएका छन्। यद्यपि, आयोगले अझै संलग्न अधिकारीहरूको आधिकारिक संख्या जारी गरेको छैन। सुत्रहरू अनुसार, केही अधिकारीहरूले 14 फरवरीमा सुनुवाई सत्रहरूको लागि विस्तारित समयसीमा समाप्त भएपछि पनि दस्तावेज अपलोड गर्ने प्रक्रिया पाँच दिन ढिलाई गरे। यस कथित उदासीनताको कारण ठूलो संख्यामा मतदाताहरूको दस्तावेज प्रणालीमा पंजीकरण नभएको अवस्थामा छ। यी दस्तावेजहरूको अपलोड र पंजीकरण पूरा नभएसम्म तिनीहरूको उचित प्रमाणीकरण सम्भव छैन। यस्तो अवस्थामा 21 फरवरीसम्म दस्तावेज प्रमाणीकरण पूरा गर्ने हालको समयसीमा माथि प्रश्न उठेको छ।सुत्रहरू अनुसार, आयोग

जनप्रतिनिधित्व ऐनको प्रावधान अनुसार, दोषी ठहरिएका अधिकारीहरू विरुद्ध कथिर कारबाही गर्न प्रतिबद्ध छ। यस सम्बन्धमा दुई निर्वाचन नामांकन अधिकारी, नौ सहायक निर्वाचन नामांकन अधिकारी, एक डाटा प्रविष्टि अधिकारी र तीन सूक्ष्म-पर्यवेक्षकहरू विरुद्ध कारबाहीको प्रक्रिया पहिले नै शुरु भइसकेको छ।

**पश्चिम बंगाल -एसआईआर**

पश्चिम बंगालमा मतदाता सुचीको विशेष गहन पुनरीक्षण एसआईआर अवधि कथित अनियमिततामा संलग्न अधिकारीहरूको निलम्बनको व्याख्यालाई लिएर भारतीय निर्वाचन आयोग र राज्य सरकारबीच नयाँ विवाद उत्पन्न भएको छ I राज्य प्रशासनले मुख्यमन्त्रीद्वारा घोषणा गरेको निलम्बनको उद्देश्य चुनाउ सम्बन्धी दायित्वबाट सम्बन्धित अधिकारीहरूलाई मुक्त गर्ने उद्देश्यले मात्र भएको बताएको छ। राज्यका अनुसार, ती अधिकारीहरूले अन्य प्रशासनिक कार्यहरू जारी राख्न सक्छन्।
तर, मुख्य निर्वाचन अधिकारीको कार्यालयका सुत्र अनुसार आयोगको निर्देशनमा यस्तो व्याख्या गर्ने कुनै ठाउँ रहेको बताएको छ ।

**भाजपा - गोर्खा यूथ एक्टिभिस्ट नेटवर्क**

भाजपा पश्चिम बंगाल, प्रदेश अध्यक्ष, शमीक भट्टाचार्यबाट गोर्खा यूथ एक्टिभिस्ट नेटवर्क (ज्ञान) लाई आधिकारिक पत्र प्राप्त भएको छ, जसमा आगामी पश्चिम बंगाल विधान सभा निर्वाचन 2026 को संकल्प–पत्रका लागि सुझावहरू आमन्त्रित गरिएको छ। गोर्खा यूथ एक्टिभिस्ट नेटवर्क ज्ञानका प्रमुख संयोजक अधिवक्ता बिरेन्द्र रसाइलीले पत्रको प्रत्युत्तर स्वरूप एउटा आधिकारिक पत्र लेखेर विस्तृत नीतिगत धारणा प्रस्तुत गरेको बताउनु भएको छ । जसमा दार्जिलिङ पहाड, तराई तथा डुवर्स क्षेत्रको ऐतिहासिक, संवैधानिक र प्रशासनिक विशिष्टतालाई आधार मानेर पृथक गोर्खाल्याण्ड राज्य गठनको मुद्दालाई संकल्प–पत्रमा स्पष्ट रूपमा समावेश गर्नुपर्ने विषयलाई दृढतापूर्वक उठाइएको छ।पत्रमा स्पष्ट गरिएको छ I उहाले भन्नुभएको छ -दार्जिलिङ पहाड, तराई तथा डुवर्स क्षेत्रका बासिन्दा, विशेषगरी भारतीय गोर्खा समुदायको पृथक गोर्खाल्याण्ड राज्यको माग कुनै नयाँ राजनीतिक विषय होइन, बरु दीर्घकालदेखि उठ्दै आएको लोकतान्त्रिक तथा संवैधानिक आकांक्षा हो। ज्ञानले ऐतिहासिक तथ्यहरू उल्लेख गर्दै दार्जिलिङ क्षेत्र कहिल्यै बंगालको भाग नरहेको उल्लेख गरेको छ। पत्रमा इतिहास, भाषा, संस्कृति, सामाजिक संरचना र जीवनशैलीका दृष्टिले दार्जिलिङ, तराई र डुवर्स क्षेत्रको पहिचान मैदानी बंगाल भन्दा पृथक रहेको उल्लेख गरेको छ। पत्रमा दार्जिलिङ, तराई तथा डुवर्स क्षेत्रको सामरिक महत्वमाथि विशेष जोड दिँदै यो क्षेत्र भारतको अत्यन्त संवेदनशील सिलगढी करिडोर चिकन नेक नजिक अवस्थित रहेको उल्लेख गरेको छ I

मुर्शिदाबाद - बेलडांगा - हिंसा - जांच

मुर्शिदाबाद जिल्लाको बेलडांगामा भएको हिंसाको जाचलाई लिएर नयाँ कानुनी विवाद उत्पन्न भएको छ। राष्ट्रिय जाच एजेन्सी एन.आई.ए ले कलकत्ता उच्च न्यायालयमा मुद्दा डायरी उपलब्ध नगराएको आरोप लगाउँदै उजुरी दर्ता गरेको छ। आज मुख्य न्यायाधीशको डिबिजन पीठमा एनआईएका वकिलले बेलडांगा हिंसा प्रकरणको केस डायरी अहिलेसम्म एजेन्सीलाई हस्तान्तरण नगरिएको बताएको छ । यसैबीच, राज्य सरकारले सर्वोच्च न्यायालयको निर्देशमा सुनुवाइको लागि आवेदन र ट्रायल कोर्टले रेकर्ड हस्तान्तरण गर्ने आदेशलाई चुनौती दिँदै उच्च न्यायालयमा नयाँ याचिका दर्ता गरेको छ। मुख्य न्यायाधीश सुजय पाल र न्यायाधीश चैताली चट्टोपाध्याय दासको संयुक्त पीठले मुख्य न्यायाधीश सुजय पाल र न्यायाधीश पार्थसारथी सेनको संयुक्त पीठमा मंगलबार मुद्दाको अर्को सुनुवाइ हुने स्पष्ट पारेको छ । यस अघि यो मुद्दाको सुनुवाई यही पीठमा भइसकेको छ ।

**अखिल भारतीय वनवासी कल्याण आश्रम- वार्षिकोत्सव**

अखिल भारतीय वनवासी कल्याण आश्रमसित सम्बद्ध पूर्वाञ्चल कल्याण आश्रमद्वारा आगामी 22 फरवरी प्रातः 10:30 बजे कला मन्दिर प्रेक्षागृहमा 43औं वार्षिकोत्सव आयोजना गरिनेछ। यो आयोजनलाई कोलकाता अनि हावड़ा महानगर एकाईको तत्वावधानमा सम्पन्न गरिनेछ।आश्रम पछिल्लो 73 वर्ष (1952-2025) देखिकै जनजाति (वनवासी) समाजको शिक्षा, चिकित्सा, स्वावलम्बन औ श्रद्धा जागरणको माध्यमबाट सर्वाङ्गीण विकासको लागि कार्यरत छ। संस्थाको उद्देश्य जनजाति समाजलाई

राष्ट्रको मुख्य विकास धारासित जोड्नु अनि सामाजिक सशक्तिकरणलाई प्रोत्साहित गर्नु रहेको छ ।कार्यक्रमको अध्यक्षता प्रख्यात उद्योगपति एवं हरियाणा इन्टरनेशनल स्कूलका चेयरम्यान प्रमोद गुप्ताले गर्नुहुनेछ भने मुख्य अतिथिका रूपमा विश्व हिन्दू परिषदका केन्द्रिय कोषाध्यक्ष एवं सुप्रसिद्ध नेत्र चिकित्सक डा. श्याम अग्रवाल उपस्थित रहनुहुनेछ । यसरी नै मुख्य वक्ताका रूपमा सुप्रसिद्ध फिल्म निर्देशक, लेखक एवं अभिनेता डा. चन्द्रप्रकाश द्विवेदी (चाणक्य) ले आफ्नो विचार व्यक्त गर्नुहुनेछ ।कार्यक्रमको द्वितीय सत्रमा खाटु नरेश बाबा श्यामको कथामाथि आधारित सांस्कृतिक प्रस्तुति "हारे का सहारा-बर्बरीक श्याम हमारा" मञ्चन गरिनेछ। यस सांस्कृतिक कार्यक्रमको निर्देशन सुप्रसिद्ध सांस्कृतिक संस्था 'मधुर्या' की पुष्पा अग्रवालद्वारा गरिनेछ।

## होली पर्व-रेल सेवा

होली पर्वमा यात्रीहरूको अतिरिक्त भीड़लाई ध्यानमा राख्द दक्षिण-पूर्व रेलवेले सन्तरागाछी तथा दरभंगाबीच विशेष ट्रेनहरू संचालन गर्ने घोषणा गरेको छ। यी होली स्पेशल ट्रेनहरूलाई आगामी मार्च महिनामा निर्धारित तारिखहरूमा संचालन गरिनेछ जसबाट पूर्वी भारत एवं बिहारका यात्रीहरूलाई अधिक सुविधा हुनेछ। दक्षिण-पूर्व रेलवेद्वारा प्रेस विज्ञप्ति जारी बिज्ञप्ति अनुसार , ट्रेन नंबर 08109 संतरागाछी-दरभंगा होली स्पेशल प्रत्येक मंगलबार 3 मार्च 2026 देखि 31 मार्च 2026 सम्म चल्नेछ ।यो विशेष ट्रेन डानकुनी, बर्द्धमान, दुर्गापुर, आसनसोल, चित्तरञ्जन, मधुपुर, जसीडीह, झाझा, किऊल, बरौनी तथा समस्तीपुर स्टेशनहरूमा रोकिनेछन्। रेलवे अधिकारीहरूले होली पर्वमा यात्रीहरूको बढ्दो भीड़लाई मध्यनजर गर्दै यात्रीहरूलाई सहज अनि सुरक्षित यात्राको सुविधा उपलब्ध गराउन विशेष ट्रेनहरूको संचालनलाई जारी राखिने बताएका छन् ।

## डाबग्राम-फूलबाड़ी विधानसभा- सड़क शिलान्यास

डाबग्राम-फूलबाड़ी विधानसभा क्षेत्रको फूलबारी दुई नम्बर ग्राम पञ्चायत अन्तर्गत पश्चिम धतला गाउँमा आज १.५ किलोमिटर लामो पावर ब्लक सडकको शिलान्यास गरिएको छ। सिलगुडी नगरपालिकाका मेयर गौतम देवले सडक निर्माणको शिलान्यास गर्नुभयो ।कार्यक्रममा जिल्ला परिषद सभाधिपति कृष्ण राई बर्मन, डिप्टी मेयर रञ्जन सरकार, जिल्ला परिषद सदस्य मनिषा राय , प्रधान रफिकुल इस्लाम लगायतको उपस्थिति रहेको थियो । पश्चिम बंगाल राज्य ग्रामीण विकास एजेन्सीको सुपरिवेक्षणमा एस.डी.आर.एफ कोषबाट लगभग ७३ लाख रुपियाँको लागतमा यो सडक निर्माण गरिनेछ। सडक निर्माणले ट्राफिक सुधार हुनुका साथै क्षेत्रको विकासलाई गति दिने स्थानीय नागरिकहरुले आशा व्यक्त गरेका छन् ।

## सिलीगुड़ी मेट्रोपॉलिटन -पुलिस तस्कर पक्राउ

सिलिगुडी मेट्रोपॉलिटनको स्पेशल ऑपरेशन ग्रुप र भक्तिनगर पुलिस थानाको संयुक्त टोलीले लागुपदार्थ तस्करीको ठूलो षड्यन्त्रलाई विफल पार्दै तीन अभियुक्तहरूलाई पक्राउ गरेको छ। पुलिसले आरोपीहरूको साथबाट ४५१ ग्राम ब्राउन सुगर, नगद र सिक्किम नम्बर भएको बाइक जफत गरेको छ।

## मिरिक ब्याटमिन्टन क्लब- प्रतियोगिता शुरु

मिरिक ब्याटमिन्टन क्लबको आयोजनमा सातौ सहमेन्दू ओपन ब्याटमिन्टन प्रतियोगिता आज देखि मिरिक रङ्गशाला भवनको ब्याटमिन्टन हलमा शुरू भयो ।आगामी 22 फरवरीसम्म उक्त प्रतियोगिता सम्पन्न हुनेछ। यस अवसरमा विहार ,सिक्किम राज्यका खेलाडीहरू,क्षेत्रका वरिष्ट ब्याटमिन्टन खेलाडीहरू उपस्थित थिए। क्लबका प्रवक्ता कल्याण राई ले प्रतियोगिता चार वर्गमा खेलाइने जानकारी गराँउदै पुरूष खुल्ला, पुरूष युगल, 35 वर्ष माथिका भेटरेनस डबल अनि 40 देखि 90 बर्ष माथिका भेटरेन डबल प्रतियोगिता हुने बताउनु भयो ।उहाले खुल्ला प्रतियोगितामा भारत नेपाल, भूटान आदि देशका खेलाडीहरूले भाग लिएको तथा भेटरेन म्याचमा गोर्खाल्याण्ड क्षेत्रीय प्रसाशन र सिक्किमका खेलाड़ीहरूले मात्र भाग लिएको जानकारी दिनुभएको छ युवावर्गमा खेल प्रति प्रोत्साहित गर्न तथा उचित मार्गदर्शन गर्नु प्रतियोगिताको मुख्य उदेश्य रहेको क्लब ले जनाएका छन् ।

**********